# सुनकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मुलखर्क, ओखलढुङ्गा

कोशी प्रदेश, नेपाल

सूचना नं.२५-२०८२/८३ *"संस्कृति, पर्यटन, कृषि र पूर्वाधारः समावेशी सुनकोशी समृद्धिको आधार"*

## चिया तथा कफी खेती कार्यक्रमको प्रस्ताव आह्वान सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०९/१३)**

सुनकोशी गाउँपालिकाको चालु **आ.व ०८२/०८३ को** प्रदेश सशर्त अनुदान तर्फको बार्षिक स्वीकृत कार्यक्रम अनुसार सुनकोशी गाउँपालिका वडा नं ९ मा तोकिएको **वृहत चिया तथा कफी खेति कार्यक्रम** सञ्चालन गर्नुपर्ने भएको हुँदा आवश्यक पूर्वाधारहरु भएका र लागत साझेदारीमा एउटै कलष्टर तथा चक्लाबन्दी बनाई कार्यक्रम सञ्चालन गर्न यस सुनकोशी गाउँपालिका वडा नं ०९ क्षेत्र भित्रका इच्छुक कृषक समूह/ कृषि सहकारी/ कृषि फर्महरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र तपसिल बमोजिमका कागजातहरु संलग्न राखी सुनकोशी गाउँपालिका कृषि विकास शाखामा निवेदन पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ।

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**

- लिखित निवेदन।
- आवेदकको नेपाली नागारिकताको प्रमाणपत्र प्रतिलिपि ।
- कृषक समूह/कृषि सहकारी/कृषि कम्पनी तथा कृषि फर्मको हकमा संस्थाको दर्ता तथा नवीकरण प्रमाणपत्र, (PAN/VAT) दर्ता प्रमाण पत्र र अघिल्लो आ.व ०८१/०८२ को कर चुक्ताको प्रमाण पत्र र कृषि सहकारी तथा कृषक समूह बैठकको निर्णय प्रतिलिपिहरु ।
- सम्बन्धित वडा तथा कलष्टरमा खटिएका कृषि प्राविधिकको कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुने सिफारिस तथा प्रविधिक संभाव्यता प्रतिवेदन ।
- सम्बन्धित वडा तहको कार्यक्रम सञ्चालन गर्न उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।
- यस अघि प्रस्तावित कामको लागी अन्य सरकारी तथा गैर सरकारी निकायवाट अनुदान रकम नलिएको स्व घोषाण पत्र ।
- आवेदक वा निजको परिवारको स्वामित्वमा प्रर्याप्त जग्गा भएको जग्गा- धनी प्रमाण पुर्जाको प्रतिलिपि यदी जग्गा लिजमा लिएको भए २० बर्ष सम्मको करारनामा वा सम्झौता पत्र ।
- प्रदेश सरकारको स्थानीय कार्यक्रम सम्बन्धी मार्गदर्शन, २०८२ अनुसार ५० प्रतिशत लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र ।

.....................................

(लोकेन्द्र बहादुर राई)

प्रमुख प्रशासकीय अधिकृत

Email:- ito@sunkoshimunokhaldhunga.gov.np / sunkoshee@gmail.com CAO:-9852887800
Website:- www.sunkoshimunokhaldhunga.gov.np Info Officer:-9852887799
Facebook Page:- https://www.facebook.com/sunkoshirm.okhaldhunga